मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं.: २०८०/८१

# शिक्षक आवश्यकता सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०५/०४)*

मरिण गाउँपालिका अन्तर्गत सञ्चालित **बरुणेश्वर मा.वि. बरुण सिस्नेरीमा** रिक्त माध्यमिक तहको **प्रदेश शिक्षण सहयोग अनुदान कोटामा** आ.व. २०८०/८१ का लागि **अंग्रेजी** विषयको शिक्षक करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट रितपूर्वकको दरखास्त आह्वान गरिएको छ ।

| विज्ञापन नं. | विषय | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता | तलब तथा अन्य सुविधा | दरखास्त दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| ३०७/२०८० /८१ | अंग्रेजी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण | बागमती प्रदेश सरकारको नियमानुसार | १,५००/- |

- उमेर हद: १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको ।
- दरखास्त दिने स्थान: मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली ।
- दरखास्त दिने अन्तिम म्याद: करार सूचीका लागि मिति २०८०/०५/११ गते सम्म र खुलाका लागि मिति २०८०/०५/१८ गते सम्म ।
- दरखास्त साथ पेश गर्ने कागजातहरु: नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु, स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि, तालिम र अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफैले प्रमाणित गरी दरखास्त फारममा संलग्न गर्नु पर्ने छ ।
- परीक्षाको किसिम: लिखित तथा अन्तरवार्ता ।
- सम्पर्क मिति: दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट ।
- लिखित परीक्षाको मिति पछि प्रकाशन गरिनेछ ।
- दरखास्त फारम यस गाउँपालिकाको वेवसाइट **www.marinmun.gov.np** मा प्राप्त गर्न सकिनेछ ।

२०८०/०५/०४

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत